नेपाल सरकार

# राष्ट्रिय किसान आयोग

## कीर्तिपुर काठमाडौं ।

**सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५(३) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरेको विवरण**

---

### आयोगको स्वरुप र प्रकृति

कृषि क्षेत्रको कूल ग्राहस्थ उत्पादनमा २५.१६ प्रतिशत योगदान कृषिको रहेको र करीब ६५ प्रतिशत जनसंख्या कृषि क्षेत्रमा निर्भर रहनु परेको छ। संविधानमा उल्लेखित भएका किसानका हक हित र अधिकार संरक्षण र प्रवर्द्धनका लागि निर्माण हुने कानूनहरूको अभाव हुनु र भएका ऐन नियम कानूनहरूको प्रभावकारी कार्यान्वयन हुन नसक्नु किसान र कृषि क्षेत्रको विकासका लागि बाधक देखिएका छन्। अर्थतन्त्रको मेरूदण्डको रूपमा रहेको कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यवसायीकीकरण र विविधीकरण गरी किसानको हक हितको संरक्षण एवम् प्रवर्द्धनका लागि कृषि सम्बन्धी नीति, ऐन, कानून तथा योजना तर्जुमाको साथै कृषि अनुसन्धान र प्रसारलाई किसान मैत्री बनाई किसानहरूको हक हित र अधिकारको रक्षा गर्दै कृषि उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाउन वाञ्छनीय भएको तथ्यलाई आत्मसात् गर्दै कृषि विकास रणनीति (सन् २०१५–३५) ले परिलक्षित गरे बमोजिमका उद्धेश्य हासिल गर्न नेपाल सरकारबाट मिति २०७३ /१० /६ मा जारी राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ अनुसार राष्ट्रिय किसान आयोग गठन भएको हो । नेपालको संविधानमा भएको ब्यवस्था अनुसार गठन भएको यस आयोगमा देहाय बमोजिम पदाधिकारी रहनु भएको छ।

***(मिति २०८१।०१।१७ गते पदावधी सकिएको)***

डा. फणीन्द्रराज देवकोटा- सदस्य सचिव

आयोगको केन्द्रिय सचिवालय काठमाण्डौ उपत्यकामा रहने र आयोगले आवश्यकता अनुसार नेपालका विभिन्न स्थानमा आफ्नो कार्यालय खोल्न सक्ने प्रावधान रहेको छ (दफा १३ को उपदफा १)। हाल काठमाण्डौमा एक वटा कार्यालय रहेको छ।

### आयोगको काम, कर्तव्य र अधिकार

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३/१०/०६ गतेको निर्णय बमोजिम राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ अनुसार कृषि उत्पादन, उत्पादकत्व अभिवृद्धि गरी किसानको हक, हित र अधिकारको संरक्षण एवम प्रवर्द्धन गर्ने कार्यसंग सम्बन्धित विषयमा नेपाल सरकारलाई सहयोग पुऱ्याउन राष्ट्रिय किसान आयोग गठन भएको हो। कार्यकारी आदेश अनुसार यस आयोगको काम कर्तव्य र अधिकार निम्नानुसार रहेको छ।

क) कृषि विकास रणनितीको सफल कार्यान्वयन गर्नको लागि कृषि विकास मन्त्रालय लगायत कृषि क्षेत्र सँग सम्वन्धित निकायहरु समक्ष समय सापेक्ष सुधारका सम्वन्धमा नेपाल सरकारलाई राय सुझाव दिने ।

ख) किसानहरुको हक हितलाई प्रवर्द्धन गर्न किसान कल्याणकारी योजना (**Farmer Welfare Scheme**) तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने।

ग) नेपाल सरकारले जारी गरेका विद्यमान निती, ऐन, नियममा किसान अधिकारमा रहेको नीतिगत भिन्नता (**Policy Gap**) को सम्वन्धमा अध्ययन तथा विश्लेषण गरी सुधारको लागि नेपाल सरकारलाई सुझाब दिने

घ) किसान हक हित अधिकार एवम् किसानहरुको राज्य प्रतिको कर्तब्य र दायित्वका लागि नयाँ नीति, ऐन वा नियमावली बनाउन नेपाल सरकारलाई सहयोग गर्ने।

ङ) किसान अधिकारको अनुगमन, सुपरिवेक्षण गर्ने र सुधारको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

च) कृषि कार्यमा प्रयोग हुने प्राकृतिक स्रोत साधनमा किसानहरुको पँहुच बढाउने र अधिकार स्थापना गर्ने ठोस कार्य योजना नेपाल सरकार समक्ष सिफारिस गर्ने।

छ) विभिन्न बाली वस्तुहरुको बजार सरलीकरण गुणस्तर तथा लागत प्रतिस्पर्धात्मकता अभिबृद्धि र मुल्य अभिबृद्धिको आधारमा किसानले उचित मुल्य पाउने उपायको बारेमा नेपाल सरकारलाई सुझाव दिने।

ज) वस्तुगत संघ, उत्पादक सहकारी संघ तथा किसान संजाल एवम् संगठनहरुको क्षमता अभिबृद्धि गरी किसानहरुको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने उपायहरु सम्वन्धमा नेपाल सरकारलाई सुझाव दिने।

झ) किसानहरुको परम्परागत ज्ञान, सिप, प्रविधि, रैथाने जात, बिउ, नश्ल तथा किसानहरुले विकास गरेका बाली र पशु नश्लमा उनीहरुको पँहुच र प्रयोग बढाउन तथा त्यसमा किसानहरुको अधिकार स्थापना गर्न नेपाल सरकारलाई आवश्यक सुझाव दिने।

ञ) कृषि पेशा लाई आकर्षित बनाउन अवलम्वन गर्नु पर्ने किसान अधिकार सम्वन्धी नीति तथा कार्यक्रमका सम्वन्धमा अध्ययन अनुसन्धान गर्ने गराउने।

ट) संविधानले व्यवस्था गरेका किसानहरुका हक हित र अधिकारहरु कार्यान्वयन भए नभएको सम्वन्धमा अध्ययन गरी नेपाल सरकारलाई आवश्यक सिफारिस गर्ने।

ठ) किसान संघ संगठनहरु (समुह, सहकारी,गै.स.स. बाहेक)लाई दर्ता गरी नियमन गर्ने।

ड) सरकारी तथा गैर सरकारी एवम् निजी क्षेत्रबाट संचालित नीति तथा कार्यक्रम र आयोजनाहरुबाट किसानहरुको अधिकार हनन् भएमा संम्वन्धित निकाय र नेपाल सरकारलाई जानकारी गराई आवश्यक सिफारिश गर्ने।

ढ) नेपाल सरकारले समय समयमा तोकेका अन्य काम गर्ने।

उल्लेखित उद्देश्य हासिलका लागि राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ मा राष्ट्रिय किसान आयोगका काम कर्तव्य र अधिकार तोकिएको छ। जसअनुसार आयोगका १४ वटा काम कर्तव्य र अधिकार तोकिएको छ भने आयोग अध्यक्षका ९ वटा, सचिवालयको ३ वटा र सदस्य सचिवको ४ वटा कामहरुको समेत व्यवस्था गरिएको छ।

मुख्य रुपमा आयोगले गर्ने कामहरु तोकिएका बिषयमा

१. राय सुझाव दिने,

२. सिफारिस गर्ने,

३. सुझाव दिने र

४. सहयोग गर्ने छन् भने

निरपेक्ष रुपमा आयोगले गर्ने काम २ वटा रहेका छन्

१. अनुसन्धान गर्ने गराउने तथा

२. किसान संघ/संगठन दर्ता र नियमन गर्ने।

## आयोगको सचिवालयको काम कारबाही

आयोगको दैनिक काम कारबाही संचालनमा आयोगलाई सहयोग पुर्याउने, आयोगका निर्णयहरूलाई कार्यान्वयन गर्ने साथै नेपाल सरकारबाट तोकिए बमोजिमका अन्य काम गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट आयोगमा स्वीकृत दरबन्दी बमोजिम काजमा खटाइ काम लगाउने व्यवस्था गरिएको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले स्वीकृत गरेको दरबन्दी अनुसार आयोगमा सदस्य सचिव सहित २७ जना कर्मचारीको व्यवस्था गरिएको छ। आयोगको केन्द्रीय सचिवालय काठमाडौंमा रहने र आवश्यकता अनुसार नेपालका विभिन्न स्थानहरूमा कार्यालय खोल्न सक्ने प्रावधान राखिएको छ।

## पदाधिकारी र कर्मचारी जनशक्ति विवरण

### पदाधिकारी तर्फ

| क्र.सं. | पद | दरवन्दी | पदपूर्ति |
|---|---|---|---|
| १. | अध्यक्ष | १ | *हाल रिक्त* |
| २. | सदस्य | ५ | *हाल रिक्त* |

### कर्मचारी तर्फ

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | दरवन्दी | पदपूर्ति |
|---|---|---|---|---|---|---|
| १. | सदस्य सचिव | रा.प.प्रथम | नेपाल कृषि | समूहकृत नहुने | १ | १ |
| २. | वरिष्ठ कृषि अधिकृत | रा.प.द्धितीय | नेपाल कृषि | समुहकृत नहुने (कृषि तर्फ) | १ | ० |
| ३. | वरिष्ठ पशु विकास अधिकृत | रा.प.द्धितीय | नेपाल कृषि | पशुसेवा तर्फ | १ | १ |
| ४. | कृषि अर्थ विज्ञ | रा.प.तृतीय | नेपाल कृषि | एग्.इको.एण्ड मार्केटिङ् | १ | १ |
| ५. | कृषि अधिकृत | रा.प.तृतीय | नेपाल कृषि | समुहकृत नहुने (कृषि तर्फ) | १ | ० |
| ६. | पशु विकास अधिकृत | रा.प.तृतीय | नेपाल कृषि | समुहकृत नहुने (पशुसेवा तर्फ) | १ | १ |
| ७. | शाखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | प्रशासन | १ | १ |
| ८. | लेखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | लेखा | १ | १ |
| ९. | प्राविधिक सहायक | रा.प.अनं.प्रथम | नेपाल कृषि | समुहकृत नहुने (कृषि तर्फ) | १ | ० |
| १०. | पशु स्वास्थ्य प्राविधिक | रा.प.अनं.प्रथम | नेपाल कृषि | समुहकृत नहुने (पशुसेवा तर्फ) | १ | १ |
| ११. | प्राविधिक सहायक | रा.प.अनं.प्रथम | नेपाल कृषि | समुहकृत नहुने (कृषि तर्फ) | १ | ० |
| १२. | नायब सुब्बा | रा.प.अनं.प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | १ |
| | | | | **जम्मा** | **११** | **८** |
| **करार सेवामा लिने पदहरूको विवरण** | | | | | | |
| १. | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | नेपाल विविध | | ३ | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | सवारी चालक | विहीन | इन्जिनियरिङ् | मेकानिकल | ७ | १ |
| ३. | कार्यालय सहयोगी | विहीन | नेपाल प्रशासन | सामान्य प्रशासन | ५ | १ |
| | **करार तर्फ जम्मा** | | | | **१५** | **२** |
| | **कुल जम्मा** | | | | **२६** | **१०** |

## विभिन्न पदहरुको कार्य विवरण

*१.पद: सदस्य-सचिव, श्रेणी: रा.प. प्रथम, सेवा/समूह: नेपाल कृषि, समूहकृत नहुने*

- आयोगको सचिवको रुपमा आवश्यक कार्य गर्ने ।
- आयोगको प्रशासकीय प्रमुखको रुपमा कार्य गर्ने ।
- योजना कार्यक्रम कार्यान्वयन गर्ने/गराउने।
- आयोग र अन्य सम्बन्धित निकायहरुहरुबीच आवश्यक समन्वयात्मक कार्य गर्ने ।

*२. पद: वरिष्ठ पशु विकास अधिकृत श्रेणी: रा.प. द्वितिय सेवा/समूह: नेपाल कृषि, समूहकृत नहुने*

- किसान संघ/संगठन दर्ता कार्यविधि, २०७४ बमोजिम किसान संघ/संगठन दर्ता गर्ने/गराउने ।
- किसान अधिकारसँग सम्बन्धित मौजुदा, ऐन/नियममा सुधार/संशोधनका लागि सुझाव र नयाँ निर्माण हुने किसान हक, हित र अधिकार संरक्षण/सुनिश्चितताका लागि समावेस गर्नु पर्ने विषयहरु तयार गर्ने/गराउने ।
- दर्ता भएका संघ/संगठनको अद्यावधिक विवरण तयार गर्ने ।
- कृषक गुनासो सुनुवाई एंव व्यवस्थापन प्रणाली, २०७९ बमोजिम प्राप्त गुनासो सम्बोधनमा सहजिकरण गर्ने/गराउने।

*३. पद: वरिष्ठ कृषि अधिकृत, श्रेणी: रा.प. द्वितिय सेवा/समूह: नेपाल कृषि, समूहकृत नहुने*

- आयोगको लक्ष्य हासिलका लागि वार्षिक कार्यक्रम तथा योजना तयारी गर्ने/गराउने।
- स्वीकृत कार्यक्रमको त्रैमासिक तथा वार्षिक कार्ययोजना तयार गर्ने/गराउने।
- कार्यक्रम संशोधन, रकमान्तर, स्रोतान्तर, बजेट समर्पण सम्बन्धि कार्य गर्ने/गराउने ।
- त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने/गराउने।
- अनुगमन तथा मूल्याङ्कनमा आवश्यक तथ्याङ्क संङ्कलन, विश्लेषण तथा एंव रिपोर्टिङ गर्ने ।
- स्वीकृत कार्यक्रम संचालनका लागि आवश्यक पर्ने कार्यविधि, मापदण्ड तथा कार्यन्वयन योजना तयार गरी शाखागत जिम्मेवारी तोक्न सहजीकरण गर्ने ।
- किसान कल्याणसँग सम्बन्धित मौजुदा ऐन/नियममा सुधार/संशोधनका लागि सुझाव र नयाँ निर्माण हुने दस्तावेजमा समावेस गर्ने/गराउने ।

*४. पद: शाखा अधिकृत, श्रेणी: रा.प. तृतिय, सेवा/समूह: नेपाल प्रशासन, सामान्य प्रशासन*

- कार्यालयको नियमित प्रशासनिक कार्यको सञ्चालन तथा समन्वयका लागि प्रशासन प्रमुखको रुपमा कार्य गर्ने,
- कर्मचारी प्रशासन सम्बन्धी सम्पूर्ण कार्यहरु गर्ने,
- खरिद सम्बन्धी कार्यको आवश्यक व्यवस्थापन तथा समन्वय गर्ने,
- कार्यालयको अभिलेख व्यवस्थापन र परिचालनको कार्य गर्ने,

*५. पद: लेखा अधिकृत श्रेणी: रा.प. तृतिय सेवा/समूह: नेपाल प्रशासन, लेखा*

- राजस्व, विनियोजन र धरौटीसम्बन्धि लेखा राख्ने

- निकासा माग गरी रितपूर्वक खर्चको हिसाव किताव राख्ने,
- नियमानुसार लेखापरीक्षण गराइ बेरुजु पर्छ्यौट गर्ने,
- आर्थिक कारोवारसँग सम्बन्धित श्रेस्ताहरुको अद्यावधिक गरी व्यवस्थापन तथा सुरक्षा गर्ने,

*६. पद: कृषि अधिकृत, श्रेणी: रा.प. तृतिय, सेवा/समूह: नेपाल कृषि, समूहकृत नहुने*

- किसान संघ/संगठन दर्ता कार्यविधि, २०७४ बमोजिम किसान संघ/संगठन दर्ता तथा नियमानुसार अद्यावधिक कार्यमा निर्देशानुसार कार्य गर्ने ।
- किसान अधिकारसँग सम्बन्धित मौजुदा, ऐन/नियममा सुधार/संशोधनका लागि सुझाव र नयाँ निर्माण हुने किसान हक, हित र अधिकार संरक्षण/सुनिश्चितताका लागि समावेस गर्नु पर्ने विषयहरु तयार गर्ने।
- दर्ता भएका संघ/संगठनको अद्यावधिक विवरण तयार गर्ने ।
- कृषक गुनासो सुनुवाई एंव व्यवस्थापन प्रणाली, २०७९ बमोजिम प्राप्त गुनासो सम्बोधनका लागि सहजिकरण गर्ने।

*७. पद: पशु विकास अधिकृत, श्रेणी: रा.प. तृतिय, सेवा/समूह: नेपाल कृषि, समूहकृत नहुने*

- आयोगको लक्ष्य हासिलका लागि वार्षिक कार्यक्रम तथा योजना तयारी गर्ने, स्वीकृत कार्यक्रमको त्रैमासिक तथा वार्षिक कार्ययोजना तयार गर्ने ।
- कार्यक्रम संशोधन, रकमान्तर, स्रोतान्तर, बजेट समर्पण सम्बन्धि कार्य गर्ने, त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने ।
- नेपाल सरकारबाट जारी नीति, कार्यक्रम, निर्णयहरु कार्यान्वयनमा सहजिकरण गर्ने, आयोगबाट हुने अनुगमन तथा मूल्याङ्कनमा सहजीकरण गर्ने, अनुगमन तथा मूल्याङ्कनका लागि तथ्याङ्क संङ्कलन, विश्लेषण तथा एंव रिपोर्टिङ गर्ने।

*८. पद: पशु सेवा प्रविधिक श्रेणी: रा.प. अनं प्रथम, सेवा/समूह: नेपाल कृषि, समूहकृत नहुने*

योजना तथा कार्यक्रम तयार गर्न सहयोग गर्ने, आयोगसँग सम्बन्धित प्राविधिक कार्यक्रम सञ्चालनमा सहयोग गर्ने र आयोगबाट तोकिएको अनुगमन कार्यक्रममा सहयोग गर्ने,

*९. पद: प्रविधिक सहायक श्रेणी: रा.प. अनं. प्रथम सेवा/समूह: नेपाल कृषि, समूहकृत नहुने (कृषि तर्फ - १)*

किसान संघ/संगठन दर्ता कार्यविधि, २०७४ बमोजिम दर्ता तथा अद्यावधिक कार्यमा सहजीकरण गर्ने र आयोगसँग सम्बन्धित प्राविधिक कार्यक्रम सञ्चालनमा सहयोग गर्ने,

*१०. पद: प्रविधिक सहायक श्रेणी: रा.प. अनं. प्रथम सेवा/समूह: नेपाल कृषि, समूहकृत नहुने (कृषि तर्फ - २)*

कृषक गुनासो सुनुवाई एंव व्यवस्थापन प्रणालि, २०७९ प्राप्त गुनासोको अभिलेखिकरण गर्ने र आयोगसँग सम्बन्धित प्राविधिक कार्यक्रम सञ्चालनमा सहयोग गर्ने,

*११. पद: नायब सुब्बा श्रेणी: रा.प. अनं. प्रथम सेवा/समूह: नेपाल प्रशासन, सामान्य प्रशासन*

कार्यालयको नियमित प्रशासनिक कार्यको सञ्चालनमा सहयोग गर्ने र प्रशासनिक श्रेस्ताहरु तथा अभिलेखको व्यवस्थापन गर्ने र कर्मचारी प्रशासन सम्बन्धी सम्पूर्ण कार्यहरुमा सहयोग गर्ने,

*१२. पद: कम्प्युटर अपरेटर श्रेणी: रा.प. अनं. प्रथम सेवा/समूह: नेपाल बिबिध*

१. प्राविधिक शाखाः प्राविधिक शाखासँग सम्बन्धित चिठ्ठिपत्र र अन्य कागजात टाइपिङ्ग गर्ने र विभिन्न संघ/संगठन दर्ता किताब अध्दावतिक सहित व्यवस्थापन गर्ने, कृषक गुनासो दर्ता किताब अध्दावतिक सहित व्यवस्थापन गर्ने,

२. प्रशासन शाखा ( कार्यालय प्रमुख, प्रशासन तथा लेखा शाखा) कार्यालयमा प्राप्त हुने पत्रको प्रकृति हेरी अध्यक्ष वा सदस्य सचिव समक्ष पेश गर्ने, कार्यालयमा प्राप्त हुने चिठ्ठिपत्र मुल दर्ता किताबमा दर्ता गर्ने,

३. आयोगः आयोगका अध्यक्ष, सदस्यज्यूहरु र सदस्य सचिवको निर्देशन बमोजिमका सम्पुर्ण कार्यहरु गर्ने र आयोगका अध्यक्षले तोकलगाएका पत्रहरु तोक आदेश अनुसार सम्बन्धित सदस्य वा सदस्य सचिवकोमा पेश गर्ने, आयोगको बैठक व्यवस्थापनमा सहयोग गर्ने, आयोग बैठकको निर्णय टाइपिङ्ग र अभिलेख राख्न सहयोग गर्ने, सूचना अधिकारीको प्रत्यक्ष समन्वयमा आयोगको वेव साइटमा विवरण प्रविष्टि तथा अद्यावधिक कार्यमा सहयोग गर्ने, आयोगको फेसबुक पेज अध्यावधिक गर्ने ।

*१४. पदः हलुका सवारी चालक श्रेणीः बिहिन सेवा/समूहः नेपाल इन्जिनियरिङः* यस आयोगका पदाधिकारीहरुको सवारी चालकको रुपमा कार्य गर्ने

*१५. पद : कार्यालय सहयोगी, श्रेणीः बिहिन, सेवा/समूह : नेपाल प्रशासनः* आयोगको पदाधिकारीहरु र कर्मचारीहरुको कार्यमा सहयोग गर्ने।

## सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

कार्यालयबाट कार्य सम्पादन गर्न देहायको कामको लागि देहाय बमोजिमका जिम्मेवारी तोकिएको छ ।

| क्रसं | सम्बन्धित शाखा | जिम्मेवार अधिकृत | कार्यालय प्रमुख |
|---|---|---|---|
| १ | किसान कल्याण तथा योजना शाखा | श्री महेश सापकोटा र डा. सुन्दर बत्याल | डा. फणीन्द्रराज सापकोटा |
| २ | किसान अधिकार तथा गुनासो व्यवस्थापन शाखा | डा. खगेन्द्रराज सापकोटा | |
| ४ | लेखा | श्री श्रीराम आचार्य | |
| ५ | प्रशासन शाखा | श्री दिपेन्द्र रावल | |

**सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधीः** निशुल्क, नागरिक बडापत्रमा उल्लेख गरिएको

**निर्णय गर्ने प्रक्रिया र अधिकारीः** यस कार्यालयले कार्य फछ्र्यौटको क्रममा सामान्य प्रकृतिका विषयमा सम्बन्धित कार्यालयको स्टाफ बैठक, खरिद एकाईको बैठक र टिप्पणी आदेशबाट निर्णय प्रक्रिया सम्पन्न हुन्छ भने नीतिगत निर्णयहरू बोर्डको बैठकबाट निर्णय भई नेपाल सरकारलाइ सिफारिस हुने गर्छ।

**निर्णय उपर उजुरी सुन्ने अधिकारीः** यस कार्यालयको सेवा प्रवाह वा कामको सन्दर्भमा कुनै गुनासो वा उजुरी भएमा जुन कर्मचारी वा अधिकृतको कामको विषयमा गुनासो वा उजुरी हो सो भन्दा एक तह माथिको सम्बन्धित अधिकृत वा कार्यालयका कार्यालय प्रमुख वा आयोगले तोकेको आयोगको प्रवक्ता (सदस्य) रहने व्यवस्था छ।

**सूचना अधिकारी र प्रमुखको नाम र पदः** यस कार्यालयको सुचना अधिकारीको रुपमा बरिष्ठ पशु विकास अधिकृत, डा. खगेन्द्रराज सापकोटा (९८५५१२२७१६०) लाई तोकिएको छ।

## ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

यस आयोगसंग प्रत्यक्ष रुपमा सम्बन्धित ऐन, नियम तथा निर्देशिकाको विवरण यस प्रकार रहेको छ । यसको विद्युतीय प्रति पनि कार्यालयको वेवसाइटमा पनि उपलब्ध छ।

१. किसान संघ संस्था दर्ता कार्यविधि २०७४

२. कृषक गुनासो सुनुवाइ एवं व्यवस्थापन प्रणाली, २०७९

३. किसान आयोग गठन आदेश २०७३

४ आयोग सदस्यहरूको सेवा सुविधा सम्वन्धी निर्देशिका २०७३

५. किसान आयोगको बैठक सञ्चालन कार्यविधि २०७४

## आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी संक्षिप्त विवरण

**विनियोजित बजेट विवरण (रू)**

- वार्षिक बजेटः रू ३ करोड ३३ लाख
- तेश्रो त्रैमासिकका लागि विनियोजित बजेटः १ करोड ६३ हजार

**तेश्रो त्रैमासिक अवधिको प्रगति विवरण**

तेश्रो त्रैमासिक अवधिमा भएको एकमुष्ट खर्च रकम रू ३१ लाख ९३ हजार (वित्तिय प्रगति ३१.३७ प्रतिशत) नौमासिक अवधिमा भएको एकमुष्ट खर्च रकम रू ९४ लाख ५८ हजार लागि विनियोजित बजेटको तुलनामा वित्तीय प्रगति २५.२२ प्रतिशत

वार्षिक अवधिको तुलनामा वित्तीय प्रगति १९.५३ प्रतिशत

**राजश्वको विवरण** (रु.) नभएको

**महालेखा परिक्षक वेरुजु विवरण** (रु.) नभएको

## चालु आ.व.मा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण

आर्थिक वर्ष २०८२।०८३ तेश्रो त्रैमासिक अवधिमा सञ्चालित कार्यक्रम र सोको प्रगति विवरण समेतको प्रतिवेदन प्रकाशन तथा सम्प्रेषण गरिएको हुँदा प्रतिवेदनबाट समेत थप र अन्य आवश्यक जानकारी प्राप्त हुनेछ । यसको विद्युतिय प्रति तथा भिडियोहरू कार्यालयको वेवसाइटमा पनि राखिएको छ ।

## सार्वजनिक निकायको वेवसाईट भए सो को विवरण

यस कार्यालयको वेवसाईट www.nfc.gov.npनियमित अध्याबधिक गरी राखिएको छ ।

**सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः** वैदेशिक सहायता, ऋण तथा प्राविधिक सहयोग प्राप्त नभएको ।

**सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी** छैन।

**सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः** हालसम्म लिखित रुपमा कुनै पनि सूचना माग सम्वन्धि निवेदन परेको छैन ।

**सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरणः** यस आयोगबाट प्रदान गर्नु पर्ने सूचनाहरु आयोगको वेभसाईट www.nfc.gov.np तथा सूचना पाटि, राष्ट्रिय दैनिक तथा साप्ताहिक पत्रपत्रिकामा प्रकाशन गर्ने गरिएको छ।

**गुनासो गर्न सक्ने विधिः** नेपालको संविधान बमोजिम कृषकहरूको हक, हित र अधिकार संवर्द्धन र प्रवर्द्धनका लागि कृषकहरूका गुनासो व्यवस्थित गर्न र सम्बन्धित निकायमा पुऱ्याई सुनुवाई तथा समस्या समाधान पहल गर्न कृषकले सार्वजनिक निकायबाट प्राप्त गर्ने सेवा सुविधा र किसानका हक, हित र अधिकार संरक्षणका लागि आयोगबाट **"कृषक गुनासो सुनुवाइ एवं व्यवस्थापन प्रणाली, २०७९"** स्वीकृत गरी लागु गरिएको छ। कृषकले कृषि कार्यमा भोग्नुपरेका समस्याका सम्बन्धमा आयोगमा दफा ३ बमोजिम देहाय अनुसारको विधिबाट गुनासो दर्ता गराउन सकिनेछ।

क. आयोगको टेलिफोन नम्बर कक्षमा स्वयम् उपस्थित भई गुनासो दर्ता गराउन सकिने
ख. आयोगको ईमेल ठेगाना (nfcnepal2017@gmail.com) मा ईमेल गर्न सकिने
ग. आयोगको कार्यालयमा प्राप्त हुने गरी पत्र पठाएर
घ. आयोगको कार्यालय परिसरमा रहेको गुनासो/उजुरी पेटीकामा गुनासो खसाल्न सकिने
ङ. आयोगको सूचना अधिकारीलाई टेलिफोन गरी गुनासो टिपोट गराउन सकिने

**किसान संघ संगठन दर्ताका लागि आवश्यक विवरण**

राष्ट्रिय किसान आयोगबाट जारी गरिएको किसान संघ/संगठन दर्ता कार्यविधि, २०७४ बमोजिम आयोगमा प्रादेशिक किसान संघ/संगठन, केन्द्रीय किसान संघ/संगठन, महासंघहरू र राष्ट्रिय किसान संजालहरू गठन गरी यस आयोगमा दर्ता गर्न सकिनेछ। किसान संघ/संगठन दर्ता कार्यविधि, २०७४ को दफा ५(४) बमोजिम आयोगबाट वर्षमा २ पटक (श्रावण र पौष महिना) सार्वजनिक सूचना प्रकाशन गर्दछ।

**सम्पर्क ठेगानाः** यस कार्यालयसँग सम्बन्धित विषयमा थप जानकारी चाहिएमा कार्यालयको बेभसाइट www.nfc.gov.np मा हेर्न वा कुनै समस्या, सुझाब भएमा देहायको ठेगानामा सम्पर्क राख्न सकिनेछ।

कार्यालयको नामः राष्ट्रिय किसान आयोग।
ठेगानाः कीर्तिपुर, काठमाडौं।
Name of Office: National Farmer's Commission, Nepal
ईमेलः nfcnepal2017@gmail.com